parasidfo@gmail.com
०७८-५२०८५५

लुम्बिनी प्रदेश सरकार

# वन तथा वातावरण मन्त्रालय

## वन निर्देशनालय

## डिभिजन वन कार्यालय नवलपरासी (ब.सु.प.)

प.स.२०८१।०८२
च.न.१६०९

मिति : २०८२।०२।०७

विषय : वेबसाइटमा सूचना प्रकाशन गरिदिनुहुन ।

श्री वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका देउखुरी, दाङ्ग ।

श्री वन निर्देशनालय
बुटवल, रुपन्देहि ।

प्रस्तुत विषयमा श्री **मधु सामुदायिक** वन उपभोक्ता समुह, सुनवल १० बाट उत्पादित काठ दाउरा लिलाम बिकीका लागि मिति २०८२।०२।०६ मा **पहिलो** पटक प्रकाशित गरेको वन पैदावार लिलाम बिकी सम्वन्धि सुचना वन नियमावली (दोश्रो) संशोधन, २०७९ को नियम २५ १(क) बमोजिम तहाँ कार्यालयको वेबसाइटमा प्रकासन गरिदिनुहुन पत्रिकामा प्रकासित सुचना तथा विस्तृत सुचना यसैसाथ संलग्न राखि पठाइएको व्यहोरा अनुरोध छ ।

२०८२।२।६

**जीवन पगेनी**
**सिनियर डिभिजनल वन अधिकृत**

अनुसुची-१६

दफा ३३ को उप-दफा ३ सँग सम्वन्धित

वन पैदावार लिलाम बिक्रिको विस्तृत सुचना

**श्री मधु सामुदायिक वन उपभोक्ता समूह सुनवल न.पा.-१०**

काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रिको सुचना

**(प्रथम पटक सूचना प्रकाशन मितिः-२०८२/२/६)**

यस सामुदायिक वन उपभोक्ता समूहबाट व्यवस्थापन गर्दै आएको सामुदायिक वन क्षेत्रबाट पुनरुत्पादन कटान तर्फ २०८१/०८२ मा संकलन गरी घाटगद्दीमा विभिन्न लटमा विभाजित निम्न परिमाणको काठ दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरामा आधारित उद्योग संचालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भई, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सुचीकृत भएका गोलिया काठ चिरान गर्ने स:मिल र काठलाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भेनियर वा प्लाईउड उद्योगले यो सूचना बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै बोलपत्र खरिद गरी २२ औं दिन कार्यालय समय भित्र डिभिजन वन कार्यालय, नवलपरासी(व.सु.प.) तथा सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हन गरिन्छ ।

तपशिलः-

**१.लिलाम बिक्रि हुने वन पैदावारको विवरणः-**

| वन पैदावारको विवरण | | | | | | | मूल्याङ्कन (रु) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क.स. | लट नं. | जात | किसिम | ग्रे. | थान | परिमाण(घ.फि.) | दर प्रति घ.फि. (रु) | न्यूनतम मुल्य (रु) | संङ्कलन खर्च(रु) | कैफियत |
| १ | १ | साल | गोलिया काठ | ए | १२ | १७७.७३ | १२५० | २२२१५६.८७ | प्रति,घ.फि. १४५ | F5(धाङ्ग-१),F4(धाङ्ग-५) |
| | | | | वी | २८ | २६१.०४ | ९०० | २३४९३९.५६ | | |
| | | | | सी | ५१ | २४१.१५ | ६०० | १४४६८७.१८ | | |
| | | | | डी | ९ | २९.९३ | ३०० | ८९८०.२५ | | |
| | | अस्ना | | ए | २ | ३६.३२ | ४०० | १४५२८.६५ | | |
| | | | | वी | ३ | ३५.१५ | ३०० | १०५४५.०५ | | |
| | | | | सी | १० | ५१.७० | १०० | ५१७०.३६ | | |
| | जम्मा | | | | ११५ | ८३३.०२ | | ६४१००७.९२ | | |
| २ | २ | साल | | ए | ९ | १३२.०८ | १२५० | १६५१०४.४९ | प्रति,घ.फि. १४५ | F5(धाङ्ग-[illegible],4),F4(धाङ्ग-4) |
| | | | | वी | २७ | ३२४.०८ | ९०० | २९१६६८.१७ | | |
| | | | | सी | ४२ | २५४.६९ | ६०० | १५२८१२.१३ | | |
| | | | | डि | ६ | ३८.७६ | ३०० | ११६२८.७१ | | |
| | | अस्ना | | ए | २ | ३६.७६ | ४०० | १४७०५.३८ | | |
| | | | | वी | ३ | २६.४६ | ३०० | ७९३७.७६ | | |
| | | | | सि | २ | ७.४१ | १०० | ७४१.१० | | |
| | जम्मा | | | | ९१ | ८२०.२४ | | ६४४५९७.७५ | | |
| कुल | | | | | २०६ | १६५३.२७ | | १२८५६०५.६७ | | |

२. बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति, समय र स्थान :

क) बोलपत्र खरिद गर्ने अन्तिम मितिः २०८२/०२/२६ गते समय कार्यालय समय भित्र सम्म ।

ख) बोलपत्र दाखिला गर्ने अन्तिम मितिः २०८२/०२/२७ गते समय कार्यालय समय भित्र सम्म ।

ग) बोलपत्र खरिद तथा दाखिला गर्ने दिन बिदा परे सो को भोलीपल्ट खरिद र दाखिला गर्न सकिनेछ ।

३. बोलपत्र साथ धरौटी बापत कबोल अङ्कको १०% ले हुन आउने रकम यस सामुदायिक वन उपभोक्ता समूहको बाँणिज्य बैंक शाखा सुनवल स्थित खाता नं. ३४१०१००००१०३२००१ मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस समूहको नाममा खिचिएको बैंक ड्राफ्ट वा छ महिना अवधिको बैंक जमानत पत्र समावेश हुनुपर्नेछ। नगद धरौटी र ड्राफ्टलाई मान्यता दिइने छैन ।

४. बोलपत्रको प्रत्येक लटका लागि रु.१,०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय तथा डिभिजन वन कार्यालय, नवलपरासी(ब.सु.प.)बाट समेत खरिद तथा दाखिला गर्न सकिनेछ ।

५. बोलपत्र खरिद गर्दा लट अनुसार बेग्ला बेग्लै खरीद गरी दाखिला गर्दा पनि बेग्ला बेग्लै दाखिला गरी खाम बाहिर प्रष्ट लट नं. उल्लेख गरेको हुनु पर्नेछ ।

६. लिलाम बढावढ हुने वन पैदावार कार्यालय समय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ ।

७. लिलाम प्रक्रियामा भाग लिन इच्छुक सःमिल/भेनियर/प्लाईउड उद्योगका प्रोपाइटरहरुले नेपाली नागरिकताको प्रमाणपत्र, फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता वा स्थायी लेखा नम्बर प्रमाणपत्र, उद्योग सुचिकरण प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी अनिवार्य बोलपत्रसाथ पेश गर्नु पर्नेछ । नागरिकता बाहेकका कागजातहरु नियमानुसार नवीकरण भएको हुनु पर्नेछ

८. निर्धारित गरिएको न्यूनतम संख्या र रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२/०२/२८ गते दिनको १:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ । सो दिन बिदा परे सो को भोलिपल्ट खोलिनेछ ।

९. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च समेत छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

१०. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ। अङ्क र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहको कार्य समितिमा निहित रहनेछ।

# पौडेलको "ब्लफर्स डायरी" विमोचनसँगै बजारमा



गुल्मी (बुटवल टुडे), ५ जेठ - बाग्लुङ जिल्लाको बडिगाड गाउँपालिका -२ मा जन्मेका दिलिप पौडेले आफ्नो नयाँ कथा सङ्ग्रह "ब्लफर्स डायरी" हाली बजारमा ल्याएका छन्। भर्खरै मात्र उनको कथासङ्ग्रह विमोचनपछि बजारमा आएको हो। काठमाडौंको पुतलीसडक स्थीत ग्रिन्लिफ फुडल्याण्डमा पुस्तकको विमोचन गरिएको थियो

हाल क्यानाडामा बसोवास गर्दै आएका पौडेलले त्रिभुवन विश्वविद्यालयबाट अंग्रेजी विषयमा स्नातकोत्तर गरि एक दशकभन्दा बढी अंग्रेजी साहित्य अध्यापनको अनुभव पनि बटुलेका छन् । उनी हाल क्यानाडाको टोरोन्टोस्थित एक गैह्रसरकारी संस्थामा थेरापिस्टको रुपमा काम गर्दै आईरहेका छन् ।

"ब्लफर्स डायरी" पौडेलको पहिलो कथा कृति हो। यसमा देश परदेशको परिवेशका १८ वटा कथाहरू समावेश छन्। उक्त कृति वरिष्ट समालोचक राजकुमार बानियाँ, लेखक बिक्रमभक्त जोशी, समाजसेवी कृष्ण केसी लगायतका व्यक्तिहरूले एक कार्यक्रमका बीच संयुक्तरूपमा विमोचन गरेका हुन। पुस्तकमाथि समीक्षा गर्दै लेखक बिक्रमभक्त जोशीले "ब्लफर्स डायरी" मा सङ्ग्रहित कथाहरूले बिदेशी वर्गर र नेपाली सेलरोटीको स्वाद सँगसँगै पस्किन सफल बनेको बताए।

उक्त कृतिमाथि समिक्षा गर्दै राजकुमार बानियाले कथाहरूमा अत्यन्त विविदता पाईनुका साथै पाठकलाई अन्तिमसम्म उत्सुकता र कौतुहलता प्रदान गर्ने क्षमता रहेको बताएका छन्। "पौडेलका कथाहरूले सामाजिक बेथिती, आप्रवासी मनोदशा, कोरोनाको महामारीले निम्त्याएको बित्यास, प्रेम र वैवाहिक मनोदशाको सुन्दर चित्रण गरेको छ," बानियाले भने। विमोचन कार्यक्रममा बोल्दै कृष्ण केसीले पौडेलका कथाहरू पढ्न शुरु गरेपछि छोड्नै मन नलाग्ने भन्दै "ब्लफर्स डायरी" ले पाठकहरूको मन जित्न सफल हुनेमा आफू विश्वस्त भएको बताए।

लेखक पौडेलले कोभिड महामारीको बेला प्रायः कथा आफ्नो घर नजिकैको ब्लफर्स पार्कमा बसेर कोरेको हुनाले कथा सङ्ग्रहको नाम पनि "ब्लफर्स डायरी" राखेको बताए। ४९५ मुल्य रहेको सो कथासङ्ग्रहको सम्पादन राजकुमार बानियाले र प्रकाशन शिखा बुक्सले गरेको छ।

# रामपुर पूर्णखोप दीगोपना सुनिश्चित पालिका



पाल्पा (बुटवल टुडे), ५ जेठ- पाल्पाको रामपुर नगरपालिकालाई पूर्णखोप सुनिश्चितता घोषणा गरिएको छ। नगरपालिका भित्र रहेका बालबालिकाहरूले पूर्णखोप लगाएको सुनिश्चित भएसँगै नगरपालिकालाई आइतबार पूर्ण खोप दिगोपना सुनिश्चित घोषणा गरिएको हो।

रामपुरलाई घोषणा गरेसँगै जिल्लाका आठ वटा पालिका पूर्णखोप दीगोपना सुनिश्चितता घोषणा भएको छ। रामपुर नगरपालिकामा एक कार्यक्रम गरी जिल्ला खोप समन्वय समिति पाल्पाले प्रमाण पत्र हस्तान्तरण गरेको थियो।

जिल्ला खोप समन्वय समितिका संयोजक टंकनाथ खनाल, स्वास्थ्य कार्यालय पाल्पाका निमित्त प्रमुख टुक प्रसाद पोखेलले, रामपुर नगरपालिका प्रमुख रमण बहादुर थापा, प्रमुख प्रशासकिय अधिकृत सुर्य दर्शन पण्डित, स्वास्थ्य शाखा प्रमुख गिरिराज घिमिरेलाई पूर्णखोप सुनिश्चितता भएको प्रमाण पत्र प्रदान गरी पूर्णखोप सुनिश्चित पालिका घोषणा गरेका हुन्।

जिल्ला खोप समन्वय समितिका संयोजक एवं जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनालले भौतिक पूर्वाधारको विकासले मात्र विकासको सुचक पुरा नहुने बताउनुभयो। खनालले विकासको सूचकमा यहाँका जनताको स्वास्थ्य र औषत आयुको महत्त्वपूर्ण भूमिका रहने भन्दै यसका लागि पूर्ण मात्राको खोप अपरिहार्य रहेको बताए। राज्यले स्वास्थ्यमा ठूलो धनराशी खर्च गर्दै आएको बताउँदै यसलाई सामान्य रूपमा नलिन आग्रह गरे।

रामपुर नगरपालिका प्रमुख रमण बहादुर थापाले दिर्घकालिन विकास भनेको स्वास्थ्य र शिक्षामा लगानी भएको बताए। पूर्ण खोप सुनिश्चितता घोषणा गर्नका लागि सहयोग गर्ने सबैमा धन्यवाद ज्ञापन गर्दै नगरपालिकाले स्वास्थ्यका लागि आवश्यक पूर्वाधार निर्माणमा पनि जोड दिने बताए। पूर्ण खोप सुनिश्चितताको लागि जिम्मेवारीको रूपमा लिए निरन्तर रूपमा लाग्न स्वास्थ्यकर्मीहरूलाई अनुरोध गरे। स्वास्थ्य कार्यालय पाल्पाका निमित्त प्रमुख टुक प्रसाद पोखेलले पाल्पालाई विसं २०७० फागुन १३ गते नेपालकै पहिलो पूर्णखोप सुनिश्चित जिल्ला घोषणा गरिएको र सोधियता पश्चात २०७९ देखि पाल्पालाई निरन्तर तेस्रो वर्ष सम्म पूर्ण खोप सुनिश्चित जिल्ला घोषण गर्न सफल भएको बताए।

यस वर्ष रामपुर नगरपालिका सगै ८ पालिका पूर्ण खोप सुनिश्चित पालिका भैसकेको बताउँदै जेठ ६ गते भित्र बाँकी दुई पालिकालाई पनि घोषणा गरिने जानकारी दिए। उनले पाल्पामा चालु आर्थिक वर्ष भित्र कुनै पनि महिला घरमा प्रसुति हुनु नपरेको तथ्याङ्क प्रस्तुत गर्दै पाल्पालाई पहिलो संस्थागत सुत्केरी युक्त जिल्ला घोषणाको तयारी भैरहेको बताए। गौडाकोट स्वस्थ्य चौकीका प्रमुख मजिबुर रहमान शेखले शिशु मृत्युदर न्यूनिकरणका लागि नेपालमा १४ वटा खोप लगाइँदै आएको जानकारी दिँदै खोपमा सक्रिय स्वास्थ्यकर्मी, स्वास्थ्य स्वयं सेविकाहरूलाई प्रोत्साहन गर्नु आवश्यक रहेको बताए।

साथै खोपकेन्द्रको भौतिक संरचना निर्माण गर्नु आवश्यक रहेको बताए। महिला स्वास्थ्य स्वयं सेविका कमला पर्तीले आफ्नो भनाई राखेका थिए।

रामपुर नगरपालिका स्वस्थ्य शाखा प्रमुख गिरिराज घिमिरेले चालु आर्थिक वर्षमा जन्मदेखि १५ महिना सम्मका ५ सय ५७ र १६ महिना देखि ५९ महिना सम्ममा एक हजार ९७३ जनाले पूर्णखोप प्राप्त गरेको तथ्याङ्क रहेको स्वास्थ्य शाखाका प्रमुख गिरिराज घिमिरेले बताए।

महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्यकर्मीहरू परिचालन गरी सबै वडामा खोज र खोप अभियान सञ्चालन गरिएकोमा कुनै पनि बालबालिका नियमित खोप लगाउन छुटेको नभेटिएको घिमिरेले बताए। कार्यक्रमको अवसरमा नगरभित्रका १० वडालाई पूर्णखोप सुनिश्चितता घोषणा र वडा नं. १ लाई पूर्ण संस्थागत प्रसुति सेवायुक्त वडा घोषणा गरिएको छ।

# बालश्रमको पीडा खोज्दै अभियन्ताहरू

लमही (बुटवल टुडे), ५ जेठ- नेपालका विभिन्न जिल्लामा स्थलगत अध्ययन गर्दै बालश्रममा संलग्न बालबालिकाको कथा र व्यथा संकलन गर्ने अभियान चलिरहेको छ। 'एजुकेशन इन एभिहोम नेपाल' संस्थाका संस्थापक तथा कार्यक्रम डिजाइनर होमराज आचार्यका अनुसार, इटाभट्टा, कलकारखाना, होटल, रेष्टुराँ तथा उद्योगहरूमा शिक्षा आर्जन गर्ने उमेरका बालबालिका मजदुरीमा संलग्न देखिएका छन् । "हामी बालबालिकाहरूको प्रत्येक घरमा शिक्षा आर्जन गर्ने वातावरण सिर्जना गरी बालश्रम उन्मूलनका लागि सरकारका सम्बन्धित निकायसँग समन्वय गर्दै अगाडि बढ्ने लक्ष्यमा छौं,' आचार्यले भने।

हालको नीति अनुसार हरेक बालबालिकाले शिक्षाबाट वञ्चित हुन नहुने भनिए पनि व्यवहारमा कार्यान्वयन कमजोर रहेको उनको भनाइ छ । यही विषयमा केन्द्रित भई टोलीले देशभर विभिन्न जिल्लामा अनुसन्धान गरिरहेको छ । अध्ययन अनुसार विशेषगरी थारु तथा कुमाल समुदायका विपन्न परिवारका बालबालिका इटाभट्टामा काम गर्न बाध्य छन् । नाम विद्यालयमा दर्ता भए पनि बालबालिकाहरू आफ्ना बाबुआमासँग मजदुरी गर्न जाने प्रवृत्ति देखिएको छ। यस विषयमा गहिरो अनुसन्धान तथा स्थलगत सर्वेक्षण भइरहेको कार्यक्रम संयोजक महेन्द्र खनालले भने।

अमेरिकाबाट कलेजदेखि विश्वविद्यालयसम्मको शिक्षा हासिल गरी लामो समय सरकारी तथा गैह्रसरकारी क्षेत्रमा काम गरेका होमराज आचार्यले ग्रिनकार्ड त्यागेर नेपाल फर्केर आफ्नै लगानीमा अभियान सुरु गर्न सुरु गरेका छन्। उनका अनुसार, इटा उद्योगमा संलग्न परिवारहरूको सामाजिक, आर्थिक अवस्था, विद्यालयसँगको सम्बन्ध, शिक्षाबाट टाढा रहनुका कारणहरू, चुनौतीहरू र सरकारी निकायका पहलहरूसमेतलाई समेटेर गहिरो अध्ययन भइरहेको छ।सर्वेको क्रममा संघीय, प्रदेश तथा स्थानीय सरकारसँग अन्तर्क्रिया भइरहेको छ। लुम्बिनी प्रदेशअन्तर्गत बाङ्का गढवा, राप्ती, लमही र राजपुर गाउँपालिकामा संघसंस्था, सामाजिक अगुवा, सरकारी निकाय र सरोकारवालासँग चरणबद्ध छलफलहरू भइरहेको अभियन्ताहरूले बताएका छन्। बालबालिकालाई मजदुरीतर्फ होइन, शिक्षातर्फ उन्मुख गराउने तथा बालश्रमलाई सामाजिक परम्पराका रूपमा स्वीकार्ने प्रवृत्तिको अन्त्य गर्ने उद्देश्यका साथ अभियान अगाडि बढाइएको छ।

# टिभीएस ग्रेट ग्राण्ड एक्सचेन्ज एण्ड फाइनान्स मेला




काठमाडौं (बुटवल टुडे), ५ जेठ - नेपालमा टिभीएसको एकमात्र आधिकारिक वितरक जगदम्बा मोटर्सले 'टिभीएस ग्रेट ग्राण्ड एक्सचेन्ज एण्ड फाइनान्स मेला' आयोजना गर्ने भएको छ। जेठ ७ देखि १२ गतेसम्म काठमाडौंको प्रसिद्ध स्थल 'भृकुटीमण्डप' मा आयोजना हुनेछ। यो विशेष अवसरमा ग्राहकहरूले आफ्नो पुरानो मोटरसाइकल वा स्कुटर साटेर नयाँ टिभीएस सवारी घर लैजान सक्नेछन्, त्यो पनि विभिन्न आकर्षक अफर र रमाइलो मनोरञ्जनसहित।

मेला सुरु हुनु अगावै, जेठ ६ गतेसम्म नयाँ टिभीएस सवारीको प्रि-बुकिङ गर्ने ग्राहकले रू. ५,००० बराबरको उपहार प्राप्त गर्नेछन् । यो सीमित अवधिको अफरले इच्छुक ग्राहकलाई अझ लाभदायक बनाउनेछ । मेला अवधिभर ग्राहकहरूले पुरानो सवारीको न्यूनतम मूल्याङ्कन रू. ३०,००० सम्मको सुनिश्चित प्राप्त गर्नेछन्। ५० भन्दा बढी रीकन्डिसन हाउसहरूको सहभागितासहित, मेलामा सबैभन्दा उच्च मूल्याङ्कनको विश्वस्तता दिइनेछ त्यसका साथै, ग्राहकहरूले रू. ८,००० सम्मको नगद छुट, रू. १०,००० रुपैयाँसम्मको थप मूल्यांकन पाउनेछन् र शून्य प्रतिशत ब्याजदरमा सवारी किन्ने सुविधा पनि उपलब्ध हुनेछ (नियम तथा सर्त लागु हुने)।

# सिटिजन्स बैंक र क्लब टेन एक्स बीच समझदारी

काठमाडौं (बुटवल टुडे), ५ जेठ- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र ठमेल, काठमाडौं स्थित क्लब १० एक्स बीच सिटिजन्स बैंकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारी पत्रमा हस्ताक्षर भएको छ। सो समझदारी पत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डवाहक, प्रिभिलेज कार्ड वाहक र मोबाइल बैंकिङ ग्राहकहरूले क्लब 10X मा २० प्रतिशत आकर्षक छुट पाउनेछन्। यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ। बैंकले डिजिटल बैंकिङ माध्यमहरूको प्रयोगलाई बढाउन र ग्राहकहरूलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साह गर्न समय सममा ग्राहकमैत्री सुविधाहरू सञ्चालनमा ल्याउँदै आएको छ। डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ।

विश्वकै प्रतिष्ठित अवार्ड "बैंक अफ द ईयर २०२४" को उपाधि प्राप्त गर्न सफल भएको बैंकले केही समय अघि मात्र फोनपे सँगको सहकार्यमा नेपालमै पहिलो पटक "सिटिजन्स फोनपे क्रेडिट कार्ड" क्रेडिट कार्ड० सञ्चालनमा ल्याएको छ साथै नेपालमै पहिलो पटक मोबाइल बैंकिङ एप मार्फत नै शेयर आवेदन र सीआरएन नम्बर सेवा लिन सकिने सुविधा पनि ल्याएको छ। सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी ६१ जिल्लामा फैलिएका आफ्ना २०० वटा शाखा, १६८ वटा ए.टि.एम., ३ विस्तारित काउन्टर र ७४ वटा शाखा रहित बैंकिङ ईकाइहरूबाट १८ लाख ८८ हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ सेवाहरू प्रदान गर्दै आएको छ।


## श्री कालिका माध्यमिक विद्यालय, कपुरकोट सल्यान
## शिक्षक आवश्यकता

सुचना प्रकाशित मितिः २०८२।०२।०६

उपरोक्त सम्बन्धमा शिक्षा विकास तथा समन्वय इकाई सल्यानको मिति २०८२ जेठ ०४ च. नं. ७९६ को निम्न माध्यमिक तह नेपाली विषयको विज्ञापन गर्न दिइएको अनुमति तथा गाउँकार्यपालिकाको कार्यालय कपुरकोट गाउँपालिका सल्यानको मिति २०८२ जेठ ०४ च. नं. १८८९ को माध्यमिक तह अंग्रेजी विषयको शिक्षण सिकाइ (संघीय अनुदान) दरबन्दिमा दिइएको अनुमति तथा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८२ जेठ ०४ गते बसेको बैठकको निर्णयानुसार माध्यमिक तह अंग्रेजी (संघीय अनुदान) र निम्न माध्यमिक तह नेपाली (राहत दरबन्दि विषय शिक्षकको लागि विज्ञापन गरिएकोले योग्यता पुगेका इच्छुक व्यक्तिहरूलाई आजैका मितिदेखि १५ दिन भित्रमा विद्यालयमा आवेदन बुझाउन जानकारी गराइन्छ।

१. (क) विज्ञापन नं. १ (२०८२)
तह: माध्यमिक (संघीय शिक्षण सिकाइ अनुदान) विषय: अंग्रेजी पद संख्या: १
(ख) विज्ञापन नं.: २ (२०८२)
तह: निम्न माध्यमिक (राहत) विषय: नेपाली पद संख्या: १
२. शैक्षिक योग्यता: माध्यमिक तहको लागि अंग्रेजी विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको तथा निम्न माध्यमिक तहको लागि नेपाली विषयमा प्रविणता प्रमाणपत्र तह वा कक्षा १२ उत्तीर्ण गरेको हुनुपर्ने (माथिल्लो योग्यतालाई प्राथमिकता )
३. आवेदन शुल्क: वि. नं. १ को लागि रु १५०० तथा वि. नं. २ को लागि रु १००० मात्र
४. उमेर: १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ५. तलब: प्रचलित स्केल बमोजिम
६. आवश्यक कागजात
■ शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरू १/१ प्रति (सबै तहका) ■ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति
■ सम्बन्धित तहको अध्यापन अनुमति पत्रको प्रतिलिपि १ प्रति ■ हस्त लिखित निवेदन पत्र
उल्लेखित कागजातहरूमा उम्मेदवार स्वयंले प्रमाणित गर्नुपर्नेछ।
७. आवेदन बुझाउने अन्तिम मिति: २०८२/०३/१८ गते विद्यालय समयसम्म
८. परीक्षाको किसिम: लिखित र मौखिक (आवश्यक परेमा प्रयोगात्मक पनि हुने । (प्रथम चरणको सामान्य परीक्षा उत्तीर्ण भएमा मात्र द्वितीय चरणको परीक्षा दिन पाइनेछ।
९. सम्पर्क मिति: २०८२/०३/१८ विद्यालय समयपछि। १०. लिखित परीक्षा: सम्पर्क मितिमा जानकारी गराइनेछ।
सम्पर्कको लागि ९८५८०२०२८७ (प्र. अ.) ९८४७०८५५०७३ (सूचना अधिकारी)
नोट: नि. मा. तहको लागि करार सुविधा भएका व्यक्तिहरूबाट सातदिन भित्रमा आवेदन प्राप्त भएमा अन्य उम्मेद्वारको आवेदन फिर्ता गरिनेछ।

प्रधानाध्यापक



## श्री नवजाग्रिती सामुदायिक बन उपभोक्ता समूह
वाणगंगा-२, कपिलवस्तु

## शिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धी सूचना

दोश्रो पटक प्रकाशित मिति: २०८२/०२/०६

यस कार्यालय अन्तर्गत तपसिल बमोजिमका कार्यको शिलबन्दी बोलपत्र/दरभाउपत्रद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक व्यवसायीहरुबाट रीतपूर्वकको शिलबन्दीदरभाउपत्र आह्वान गरिन्छ ।
बिस्तृत सुचना कार्यालयको सुचना पाटीमा टास गरिएको छ ।

| ठेक्को नाम | ठेक्काको नाम | दरभाउपत्र दस्तुर | धरौटी/जमानत रकम रु. | ल. ई. रकम (भ्याट र पि. स. बाहेक) | खरीद अन्तिम मिति र समय | दाखिला गर्ने मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १/०८१/०८२ | सामुदायि वन क्षेत्रमा तारबार | १०००।- | ८८०००/- | १६२६०४२.८८।- | २०८२/०२/२१ कार्यालय समय भित्र | २०८२/०२/२२ दिनको १२:०० बजे भित्र | २०८२।०२।२२ दिनको १:०० बजे |
| २/०८१/०८२ | ग्याल्भनाईइड फेंसिंग जालि खरीद | १०००।- | ८००००।- | १६०१४००.००।- | २०८२/०२/२१ कार्यालय समय भित्र | २०८२/०२/२२ दिनको १२:०० बजे भित्र | २०८२/०२/२२ दिनको १:०० बजे |



मुद्दा नं ०८०-CP-०८७० / ३८३
मुद्दा फाँट: १ विशेष

**कपिलवस्तु जिल्ला अदालतबाट जारी भएकी, जिल्ला कपिलवस्तु वाणगंगा नगरपालिका वडा नं ४ जितपुर वार नम्बर बस्ने पदम बहादुर मल्लको छोरा अ. वर्ष ३२ को सन्दिप मल्लका नाउको इतलायनामा म्याद सुचना............**

उप्रान्त वादी जिल्ला कपिलवस्तु वाणगंगा नगरपालिका वडा नं ४ भुंगा माईतीमा बस्ने धर्म प्रताप सेनको छोरी सन्दिप मल्लको पत्नी पुष्पा कुमारी सेन मल्लले तपाईको नाँउमा मिति २०८०।१०।२४ गतेमा अंश सहित सम्बन्ध विच्छेद गरी पाँउ मुद्दाको फिरादपत्र यस अदालतमा दिएकोमा तपाईको नाममा जारी भएको म्याद सुचना अन्तिम पटक मिति २०८१।१२।०४ मा तामेल हुँदा बेपत्ते तामेल भई आएकोले उक्त तामेली म्याद यस अदालतको मिति २०८२।०१।१० गतेको आदेशले बदर भई तपाईका नाँउको म्याद राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नु भन्ने समेत आदेश भएकोले तपाईको नाममा यो म्याद सूचना प्रकाशित गरिएको छ । म्याद सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक २१ (एक्काईस) दिन भित्र कानून बमोजिम आफ्नो लिखत प्रमाण सहित प्रतिउत्तरपत्र लिई यस अदालतमा आफै वा कानून बमोजिम प्रतिनिधी मार्फत उपस्थित हुन आउनुहोला । कानूनका म्याद भित्र प्रतिउत्तरपत्र पेश नगरेमा कानून बमोजिम हुने छ, पछि तपाईको उजूर लाग्ने छैन् ।

**ईति सम्वत २०८२ साल बैसाख ३० गते रोज ३ शुभम.........**



## गोलिया काठ बोलपत्रद्वरा लिलाम बिक्रिको सुचना

(पहिलो पटक सुचना प्रकाशित मिति: २०८२/२/६)

श्री मधु सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा लट बनाई राखिएको साल समेत जातको जम्मा गोलिया थान २०६ को १५५३.२५ घनफिट काठ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी गोप्य शिलबन्दी लिलाम बढावढ प्रकृया द्वारा बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिन साँझ ५ बजे भित्र शिलबन्दि बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री मधु सामुदायिक वन उपभोक्ता समूह**
सुनवल न.पा.वडा नं.१०, नवलपरासी (ब.सु.प.)



**नेपाल सरकार**
**रक्षा मन्त्रालय**
**नेपाली सेना**

## गोरखदल गण, रामग्राम ब्यारेक, नवलपरासी (ब.सु.प.) ।

**नेपाली सेनाको श्री गोरखदल गणद्वारा विभिन्न अभ्यास तथा फायरिङ्ग सञ्चालन गर्न आवश्यक पर्ने जग्गा भोगचलन सम्बन्धी वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना**

(सूचना प्रकाशन मिति २०८२/०२/०६)

श्री नं.२२ बाहिनी अड्डा अन्तरगत पर्ने श्री गोरखदल गण, रामग्राम ब्यारेक, नवलपरासी (ब.सु.प.) द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | श्री गोरखदल गण<br>रामग्राम ब्यारेक, नवलपरासी (ब.सु.प.) । |
| प्रस्तावको व्यहोरा | २० जनाले एकै पटक ३०० मि. बाट फायरिङ्ग र ५०० मि. बाट MMG ले फायरिङ्ग गर्न मिल्ने गरि फायरिङ्ग रेञ्ज तयार गर्ने ।<br>जग्गा आवश्यकता: १४.५५ हेक्टर (२१.४८ बिगाहा)<br>जग्गाको स्वामित्व: महलपोखरी सामुदायिक वन उपभोक्ता समूह |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | नवलपरासी (ब.सु.प.), सुनवल न.पा. वडा नं.१ र ४ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको वडा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | श्री गोरखदल गण<br>रामग्राम ब्यारेक, नवलपरासी (ब.सु.प.)<br>इमेल: gorakhdalbn@gmail.com<br>फोन न. ०७८-५२०६५७ |
| परामर्शदाताको नाम र ठेगाना | क्लोभर्लिफ इन्जिनियरिङ्ग प्रा. लि., हरिहरभवन, ललितपुर<br>इमेल: cloverleadengineering@gmail.com<br>फोन नं. ९८५११८२४७२ |



## लुम्बिनी प्रदेश, रूपन्देही जिल्ला बुटवल उप-महानगरपालिका वडा नं. १८ मा कार्यान्वयन गरिने रेसुङ्गा इण्डष्ट्रिज प्रा. लि. प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मिति: २०८२/०२/०६)

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नाम: रेसुङ्गा इण्डष्ट्रिज प्रा. लि.<br>ठेगाना: बुटवल उप-महानगरपालिका वडा नं. १८, रूपन्देही जिल्ला,<br>इमेल: resungaindustries101@gmail.com<br>फोन नं.: ९८५१०३६३६८ |
| प्रस्तावको व्यहोरा | ■ **कार्यान्वयन हुने स्थान**: बुटवल उप-महानगरपालिका वडा नं. १८, रूपन्देही जिल्ला<br>■ **कित्ता नं.**: ५२ र ७०<br>■ जग्गाको विवरण: कित्ता नं. ५२ मा ६ कठ्ठा र कित्ता नं. ७० मा ८ कठ्ठा ८ धुर गरी जम्मा १४ कठ्ठा ८ धुर क्षेत्रफल<br>■ **प्रस्ताव बारे सामान्य जानकारी**: बुटवल उप-महानगरपालिका वडा नं. १८ मा उत्पादनमूलक उद्योगको रूपमा, फ्लेक्स ब्यानर तथा प्लाष्टिक जन्य सामाग्री उत्पादन गर्ने उद्देश्यका साथ यस उद्योगको स्थापना भएको हो।<br>■ **उत्पादन क्षमता**: दैनिक १५ मेट्रिक टन<br>■ **लगानी**: रू. ५,००,००,०००।- (अक्षरुपी: पाँच करोड रुपैयाँ मात्र)<br>■ **लगानी किसिम**: निजी |
| प्रभाव पर्न सक्ने जिल्ला/न. पा. | रूपन्देही जिल्ला/ बुटवल उप-महानगरपालिका वडा नं १८ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रसायनिक पक्ष, सामाजिक पक्ष, सांस्कृतिक पक्ष र आर्थिक पक्षहरूमा पर्ने प्रभाव यकिन गर्न बुटवल उप-महानगरपालिका वडा नं १८ तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिनको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सूचना टाँस भएको निकाय वा वन तथा वातावरण मन्त्रालयमा वा निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरू:**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नाम: रेसुङ्गा इण्डष्ट्रिज प्रा. लि.<br>ठेगाना: बुटवल उप-महानगरपालिका वडा नं. १८, रूपन्देही जिल्ला,<br>इमेल: resungaindustries101@gmailcom<br>फोन नं. : ९८५१०३६३६८ |
| परामर्शदाताको नाम र ठेगाना | नाम: ग्रीन हेराल्ड कन्सल्टेन्सी प्रा. लि.<br>ठेगाना: नयाँ बानेश्वर, काठमाडौं<br>इमेल: greenherald%@gmail.com<br>सम्पर्क नं.: ९८४७५४०४१५ |